लोक सेवा आयोग

नेपाल लेखापरीक्षण सेवा, राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह पदको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८३/२/२०

समय: ३ घण्टा | पूर्णाङ्क: १००

पत्र: चतुर्थ

विषय: सेवा/समूह सम्बन्धी

तलका प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

Section – A **30 Marks**

1. प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनले लेखा उत्तरदायी अधिकृत (Chief Accounting Officer) लाई कसरी परिभाषित गरेको छ? सार्वजनिक खर्च व्यवस्थापन तथा लेखापरीक्षण सम्बन्धमा लेखा उत्तरदायी अधिकृतको भूमिकाबारे संक्षेपमा उल्लेख गर्नुहोस्। 4+6=10
   How does the existing Financial Procedures and Fiscal Accountability Act define Chief Accounting Officer? Mention briefly the role of the Chief Accounting Officer in public expenditure management and auditing.
2. नेपालको अन्तर सरकारी राजश्व बाँडफाँटसम्बन्धी कानूनी व्यवस्था सम्बन्धमा चर्चा गर्दै राजश्व बाँडफाँटसम्बन्धी कार्यप्रक्रिया र अभिलेख व्यवस्थापनमा लेखापरीक्षणले कसरी योगदान पुऱ्याउँदछ? आफ्नो धारणा प्रस्तुत गर्नुहोस्। 3+7=10
   Discussing the legal provisions related to inter-governmental revenue sharing of Nepal, and how does audit contribute in the revenue sharing process and record management? Present your opinion.
3. नेपाल सरकारले कार्यान्वयनमा ल्याएको नेपाल सार्वजनिक क्षेत्र लेखामानको आवश्यकताबारे चर्चा गर्दै उक्त लेखामानमा व्यवस्था भएबमोजिम एकीकृत वित्तीय विवरण तयार गर्ने कार्यविधि र सो सम्बन्धमा आईपरेका चुनौतीहरू उल्लेख गर्नुहोस्। 3+4+3=10
   Discussing the need for the Nepal Public Sector Accounting Standards (NPSAS) implemented by Government of Nepal, and mention the procedure for preparing consolidated financial statements as provided in the standards and the challenges faced in this regard.

Section – B **30 Marks**

4. जनकल्याण संस्था काठमाडौंको आर्थिक वर्ष २०८१/८२ को अन्त्यमा भएको देहायका विवरणको आधारमा आय-व्यय विवरण र वासलात तयार गर्नुहोस्। 5+5=10
   Prepare the income and expenditure statement and balance sheet based on the following information of Jankalyan Organization, Kathmandu, at the end of fiscal year 2081/82.

प्राप्तितर्फ (Receipts)	रु. (Rs.)	भुक्तानीतर्फ (Payment)	रु. (Rs.)
सुरु मौज्दात नगद (Opening cash balance)	1,25,000	तलव खर्च (Salary expenses)	4,20,000
सुरुको बैंक नगद (Opening Bank balance)	4,75,000	कार्यालय भाडा (Office rent)	1,20,000
सदस्यता शुल्क (Membership fees)	3,20,000	स्टेशनरी (Stationary)	95,000
चन्दा तथा अनुदान (Donation and grant)	6,50,000	कार्यक्रम खर्च (Program expenses)	3,10,000
कार्यक्रम शुल्क (Program fees)	2,40,000	कम्प्युटर खरिद (Purchase of Computer)	1,40,000
व्याज आम्दानी (Interest income)	45,000	फर्निचर खरिद (Purchase of Furniture)	2,50,000
पुराना फर्निचर विक्री (Sale of old furniture)	60,000	बिजुली तथा पानी (Electricity and Water)	80,000
जम्मा (Total)	19,15,000	विविध खर्च (Miscellaneous expenses)	65,000
		अन्तिम मौज्दात नगद (Closing cash balance)	1,25,000
		बैंक मौज्दात (Closing Bank balance)	3,10,000
		जम्मा (Total)	19,15,000

क्रमशः

MIRAS ACADEMY

समायोजन (Adjustments)

- कार्यक्रम शुल्क मध्ये रु. ३०,०००।- अग्रिम प्राप्त भएको छ । (Out of program fees, NRs. 30,000 has been received in advance.)
- कार्यालय भाडा रु. २०,०००।- अग्रिम भुक्तानी गरिएको छ । (Office rent of NRs. 20,000 has been paid in advance.)
- स्टेशनरी खर्च मध्ये रु. १५,०००।- मौज्दात बाँकी छ । (Out of stationary purchased, worth Rs. 15,000 is in stock.)
- फर्निचरमा १० प्रतिशत र कम्प्युटरमा २० प्रतिशत मूल्य ह्रास । (Depreciation to be charged as furniture 10%, Computer 20%.)
- व्याज आम्दानी मध्ये रु. १०,००० प्राप्त हुन बाँकी छ । (Interest income of NRs. 10,000 is accrued.)

5. निम्न लिखित प्रश्नको उत्तर दिनुहोस् । 3+7=10

Answer the following questions:

i) व्यापारिक भवन आयोजनाको सुरुको लगानी रु. ५,००,००,००० छ । यस आयोजनाले २० वर्षसम्म औसतमा वार्षिक रु. ५०,००,००० नगद प्रवाह (Cash flow) प्रदान गर्दछ भने यस आयोजनाको लगानी फिर्ता अवधि (Payback period) कति हुन्छ?

A commercial building project has an initial investment of Rs. 5,00,00,000. If this project provides an average annual cash flow of Rs. 50,00,000 for 20 years, what is its Payback Period of the Project?

ii) इन्सुलेटर स्किमको खुद लगानी रु. ९,००,००० छ । यस स्किमबाट नगद प्रवाह पहिलो, दोस्रो र तेस्रो वर्षमा क्रमशः रु. ५,००,०००, रु. ८,००,००० र रु. २०,००,००० हुने अनुमान रहेको छ । पूँजीको लागत (Cost of capital) १० प्रतिशत छ भने सो स्किमको खुद वर्तमान मूल्य (Net Present Value) कति हुन्छ?

The net investment of an Insulator Scheme is Rs. 9,00,000. The estimated cash flows from this scheme for the first, second, and third years are Rs. 5,00,000, Rs. 8,00,000 and Rs. 20,00,000 respectively. If the Cost of Capital is 10%, what is the Net Present Value (NPV) of the scheme?

वर्तमान मूल्य तालिका (Present Value Table)

अवधि (वर्ष)	दर प्रति अवधि	
	1%	10%
1	0.990	0.909
2	0.980	0.826
3	0.971	0.751

MIRAS ACADEMY

6. नेपाल लेखामान बोर्डले तयार गरेको नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard) नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थाले जारी गरी कार्यान्वयनमा ल्याएको छ । उक्त प्रतिवेदनमानको कार्यान्वयन अवस्था विश्लेषण गर्दै सो कार्यान्वयनको क्रममा आईपरेका चुनौतीहरू वर्णन गर्नुहोस् । 5+5=10

Nepal Financial Reporting Standard (NFRS), prepared by Nepal Accounting Standards Board has been issued and implemented by the Institute of Chartered Accountants of Nepal. Analyzing the implementation status of the NFRS, and discribe the challenges faced during its implementation.

क्रमशः

Section – C

20 Marks

7. सर्वोच्च लेखापरीक्षण संस्थाको कार्यसम्पादन मापन ढाँचा (SAI Performance Measurement Framework) भनेको के हो? उल्लेख गर्नुहोस् । साथै यसको आवश्यकताबारे विश्लेषण गर्नुहोस् । 6+4=10
What is meant by the Performance Measurement Framework of the Supreme Audit Institution? Mention. Also analyze its necessity.

8. नेपालमा महालेखापरीक्षकको कार्यालयले नेपाल सरकारी लेखापरीक्षणमान जारी गरी कार्यान्वयनमा ल्याएको छ । उक्त लेखापरीक्षणमानका प्रमुख विशेषताहरू उल्लेख गर्नुहोस् । लेखापरीक्षणको क्रममा सो लेखापरीक्षणमान बमोजिम अवलम्बन गर्नुपर्ने लेखापरीक्षण कार्यविधि (Audit procedures) को बारेमा चर्चा गर्नुहोस् । 4+6=10
In Nepal, the Office of the Auditor General has issued and implemented the Nepal Government Auditing Standards (NGAS). Mention the main features of the NGAS. Discuss the audit procedures to be followed in course of the audit in accordance with the standards.

Section – D

20 Marks

9. स्थानीय तहको लेखापरीक्षण र बेरुजू फछ्यौंट सम्बन्धमा भएका व्यवस्थाहरू उल्लेख गर्नुहोस् । बेरुजू फछ्यौंट कार्यलाई थप प्रभावकारी बनाउन अवलम्बन गर्नुपर्ने उपायहरूको बारेमा सुझाव दिनुहोस् । 5+5=10
State the provisions relating to audit and irregularity settlement of local level. Provide suggestions about the measures to be taken for more effective settlement of irregularities.

10. नागरिक सहभागिताको लेखापरीक्षण भन्नाले के बुझ्नुहुन्छ? नेपालको लेखापरीक्षणमा नागरिक सहभागिता सम्बन्धमा रहेका अवसर र चुनौतीहरूबारे वर्णन गर्नुहोस् । 4+3+3=10
What do you mean by citizen participation in auditing? Describe about opportunities and challenges relating citizen participation in auditing of Nepal?

<<समाप्त>>

MIRAS ACADEMY